## हाम्रा प्रतिबद्धता

**आदरणीय आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरु,**

आगामी मंसिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनका लागि नेपाली कांग्रेस र गठबन्धनका दलहरुले आफ्नो घोषणापत्रमार्फत नेपाली जनता समक्ष राजनीतिक र आर्थिक विकासको एजेण्डा सार्वजनिक गरिसकेका छन् । निर्वाचन पश्चात् नेपाली कांग्रेसको नेतृत्वमा बन्ने सरकारले ७ प्रतिशत आर्थिक वृद्धि हासिल गरी वार्षिक २ लाख पचास हजार रोजगारी सृजना गर्ने दूरगामी लक्ष्य लिएको छ । पार्टीले घोषणापत्र मार्फत नेपाली जनता सामु व्यक्त गरेका राजनीतिक र आर्थिक विकासको प्रतिबद्धताको जगमा टेकेर राष्ट्रिय एकता, स्वाधीनता, लोकतन्त्र र संविधानको रक्षार्थ तथा राजनीतिक स्थायित्व र विकासका लागि पाँच दलीय गठबन्धन बनेको वास्तविकतालाई आत्मसात गर्दै, ‘दिगो विकास र आर्थिक समुन्नति’ को साझा संकल्प र काठमाडौं जिल्ला क्षेत्र नं ५ को विशिष्ट अवस्थिति तथा आवश्यकतालाई ध्यानमा राखेर तपाईंहरू समक्ष संक्षेपमा हाम्रा प्रतिबद्धता प्रस्तुत गरेका छौं ।

### १. शिक्षा

**‘सर्वसुलभ गुणस्तरीय शिक्षा, सीपमूलक व्यावहारिक ज्ञान : प्रशिक्षित शिक्षक, चुस्त व्यवस्थापन’**

यस क्षेत्रमा रहेका टोखा नगरपालिका अन्तर्गतका चण्डेश्वरी, सरस्वती, धापासी, झोर महाँकाल र तिलिंगटार माध्यमिक विद्यालय अनि चुनदेवी आवासीय विद्यालय, काठमाडौं महानगरभित्रका बाँसबारी, शिवपुरी, चुनदेवि, टंगाल र महेन्द्र राष्ट्रिय मावि, त्यसैगरी बूढानीलकण्ठ नगरपालिकाका आत्मविकास, बुढानीलकण्ठ, पञ्चकन्या, मदनआश्रित र गणेश मावि अनि श्रीराम र भद्रकाली आधारभूत विद्यालयलगायतका सामुदायिक विद्यालयलाई स्तरोन्नति गरी बुढानीलकण्ठ स्कुलसरह विकास गर्न शिक्षकलाई तालिम, सार्वजनिक-निजी साझेदारी (PPP Model) अङ्गिकार गरि गुणस्तरीय शिक्षा सुनिश्चितताका लागि व्यावसायीक सिप र आधुनिक प्रविधिका बारेमा प्रशिक्षण, भौतिक संरचनाको विकास र आवश्यक प्राविधिक स्रोत जुटाउन स्थानीयबासी, स्थानीय तह, प्रदेश र संघबीच समन्वय गर्नेछौं । यो क्षेत्रमा सरकारी इन्जिनियरिङ कलेज स्थापनाका लागि बूढानीलकण्ठ र बाँसबारी बहुमुखी क्याम्पसको स्तरोन्नति गर्नेछौं । सामुदायमा बोलिने मातृभाषामा अध्ययन अध्यापनका लागि नीति निर्माण तथा कार्यक्रम निर्माण गर्नेछौं ।

### २. सडक तथा पार्किङ

**‘सबैका लागि व्यवस्थित सार्वजनिक पार्क : व्यवस्थित पार्किङ, खुला र सुरक्षित सडक’**

टोखा हुँदै झोरमा बन्ने सुरुङमार्ग सहितको रसुवा केरुङ राजमार्गको क्षेत्रलाई व्यापारिक केन्द्रको रुपमा विकास गर्नेछौं । पोलपोलमा शहरलाई कुरुप बनाएका तारको जन्जाल हटाएर भुमिगत गर्नेछौं । पार्किङ व्यवस्थित गर्न ‘मल्टी स्टोरी’ पार्किङ बनाउनेछौं ।

टोखाका भूतखेल बाईपास, टोखा छहरे-विसालटार सुरुङ्गमार्ग, टोखा करिडोर र बुढानीलकण्ठ-तारकेस्वर नगरपालिका जोड्ने सडक स्तरोन्नति गर्नेछौं । विष्णुमती करिडोर, ग्राण्डी अस्पताल-बुढानिलकण्ठ

सडक विस्तार गर्नेछौं । दहाल गौडा देखी किन्ती कलेक्सेनसम्मको सडकको स्तरोउन्नति, राम मन्दिर क्षेत्रको बाटो मर्मत तथा स्तरोउन्नति, चकपथ विस्तार, नारायण गोपाल सडक खण्डमा आवश्यक संख्यामा आकाशे पुल (Fly Over) निर्माण, समाखुशी करिडोरको स्तरोन्नति गर्नेछौं । पोर्पा अजिमा (रानिदेवि) पैदल मार्ग व्यवस्थित गर्नेछौं र धरमपुर जंगलमा पैदल यात्रीका लागि गोरेटो निर्माण गर्नेछौं ।

पञ्चकन्यादेखी छोलिङ् गुम्बा हुदै ठूलो गाँउ, पासिकोट-भसन्थली सडक ढलान, विष्णुमती घट्टापाटी क्वाटोल सडक ढलान, लुडे खोला करिडोर तथा विष्णुमती खोलामा पुल र करिडोरको निर्माण, ठकुरी टोल बाटो ढलान, वडा नं ६ मा कलभर्ट निर्माण, अखोल गाँउबाट पासिकोट जोड्ने पुल निर्माण, टोखा नगरपालिका जोड्ने बाटो कालोपत्रे गरी सञ्चालन र विष्णुमती मुहानदेखि विष्णु पादुकासम्म व्यवस्थित पैदल मार्ग निर्माण गर्नेछौं ।

### ३. स्वास्थ्य

**‘सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा : सवल स्वास्थ्य प्रणाली, सबैको स्वाथ्य बिमा’**

टिचिङ्ग, गंगालाल, कान्ति बाल, नेपाल प्रहरी अस्पताल जस्ता मुख्य अस्पतालहरूको स्तरोन्नती  र निजी अस्पताललाई व्यवस्थित गर्दै क्षेत्र नं ५ लाई मेडिकल सिटीका रुपमा विकास गर्नेछौं । टोखाको प्रदेश अस्पतालको स्तरोन्नति गर्नेछौं । सबै वडाका प्राथमिक स्वास्थ्य केन्द्रलाई एक्स-रे तथा ल्याब सहितको स्तरीय सहरी स्वास्थ्य सेवा केन्द्र रुपमा विकास गर्नेछौं ।

हाल सञ्चालनमा रहेको स्वास्थ्य बिमा कार्यक्रमलाई यथाशीघ्र विस्तार गरी स्वास्थ्य बिमालाई प्रविधिमैत्री बनाउन स्वास्थ्य कार्ड प्रणाली (Digital Health Card System) को व्यवस्था गर्नेछौं । गरिब घरपरिवारलाई निःशुल्क प्राथमिक स्वास्थ सेवाको व्यवस्था गर्नेछौं । लागुपदार्थ दुर्व्यसनको समस्या निर्मुल पार्न सचेता कार्यक्रम तथा नियन्त्रणका लागि कानुनी उपचारलाई कडाइका साथ अघि बढाउनेछौं । निशुल्क स्वस्थ्य शिविर र जनचेतना कार्यक्रमलाई निरन्तर तिव्रता दिनेछौं । सबै वडामा पार्कको व्यवस्थापन तथा सार्वजनिक व्यायामशाला निर्माण गर्नेछौं ।

### ४. कला-संस्कृतिको संरक्षण तथा सवर्द्धन र पर्यटन

**‘हाम्रो कला, हाम्रो संस्कृति : हाम्रो पहिचान, हाम्रो गौरव’**

साँस्कृतिक र पुरातात्विक महत्वका सम्पदा, कला-संस्कृति, मठ-मन्दिर, सत्तल, फल्चा, पाटी वा पोखरीहरुको संरक्षण तथा संवर्द्धधन गर्नेछौं । हाडीगाँउ, गहना पोखरी, मान मनेश्वरी, धुम्रबारही जस्ता ऐतिहासिक एवम् पुरातात्विक महत्वका तथा साँस्कृतिक स्थलहरूको उत्खनन्, संरक्षण र प्रवर्द्धन गरी धार्मिक पर्यटन तथा अध्ययन अनुसन्धान केन्द्रका रुपमा विकास गर्नेछौं । ढुङ्गेधारा तथा पोखरीहरुको परम्परागत प्रणालीको आधारमा तिनको मूल र माध्यमको पहिचान गर्दै पुरानै लयमा ब्युताउन स्थानिय र विज्ञसँग सहकार्य गरि योजना निर्माण गर्नेछौं । हाडीगाँउ र टोखा जस्ता पुरातात्विक महत्वका केन्द्रहरुलाई संग्रहालय, ज्ञान तथा सूचना केन्द्रका रुपमा स्थापना गर्नेछौं । बूढानीलकण्ठ मन्दिरलाई विश्व सम्पदा सूचीमा राख्न पहल गर्नेछौं । यो क्षेत्रका समुदाय र विषय विज्ञसँगको सहकार्यमा पर्यटन विस्तार गर्न चक्रिय संम्पदा-पथ (Heritage Circuit and Trekking Route) विकास गर्नेछौं ।

टोखा क्षेत्रका टोखा चण्डेश्वरी, सपन तीर्थ, टोखा तलेजु, धनेश्वर मन्दिर, टोखा गणेश पोखरी, महानगरअन्तर्गतका श्रीपञ्चमी, नवाह (वडादशैं) श्वेतकालीमाई जात्रा, दयश्यरको शिवरात्री, कैलाशचौरमा संचालन हुने जात्रा, भाटभटेनी जात्रा, नीलसरस्वती मन्दिर, स्वेतकाली मन्दिर, दयश्वर महादेव, कालीनाग, महादेव मन्दिर, उग्रचण्डी मन्दिर, दण्डिबाबा लगायत यस क्षेत्र भित्रका अन्य मठ मन्दिर, कला सस्कृति, जात्राहरुको संरक्षण र प्रवर्धन गर्नेछौं ।

बूढानीलकण्ठ क्षेत्रका पञ्चकन्या, बालेश्वरी, चण्डेश्वरी, ॐ कारेश्वर र शिव मन्दिर अनि भुतेको चौर, भुत्या दह, नौलिन भद्रकाली जात्रा, टोका विस्केट जात्रा जस्ता परम्परा र संस्कृतिको संरक्षण र प्रवर्धन, विष्णुपादुका, नागी गुफा, गुम्बाहरु, स्कन्द मन्दिर, बसाहा महादेवलगायत पानीका झरनाहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा पहिचान हुनेगरी विकास गर्नेछौं । प्राचिन वस्ती धरमपुर, भद्रकाली मन्दिर, गणेश मन्दिर, धरमपुर संस्कृति, तथा सामुदायिक प्रगति वन क्षेत्रको संरक्षण र प्रवर्धन गरि पर्यटनको विकास गर्नेछौं ।

## ५. खानेपानी र ढल निकास

**‘ढुङ्गेधारा, मुहान र पोखरीको संरक्षण : सबै घरधुरीमा स्वच्छ खानेपानी वितरण’**

खानेपानीको सहज उपलब्धता र ढल निकासको व्यवस्थापन हाम्रो प्राथमिकता हुनेछ । मुहान पोखरी तथा विष्णुमती मुहानलाई जल संकलन केन्द्रको रुपमा विकास गर्नेछौं । काठमाडौं उपत्यका खानेपानी लिमिटेड र मेलम्ची आयोजनाले नसमेटेको क्षेत्रमा बूढानीलकण्ठ र विष्णुमती मुहान क्षेत्रमा खानेपानीको रिजर्भ ट्याङ्की निर्माण गरी वैज्ञानिक तवरले खानेपानी वितरण गर्नेछौं । जार वा ट्याकरको खानेपानी विश्व स्वास्थ्य संगठन र खानेपानी मन्त्रालयले तोकेको गुणस्तर मापदण्ड अनुरुप हुनैपर्ने व्यवस्था गर्नेछौं । ढुंगेधारा प्रणाली र पानीका अन्य परम्परागत स्रोतको संरक्षण तथा पानी रिचार्जका लागि सम्भावित क्षेत्रहरुको पहिचान गर्नेछौं ।

टोखा वडा नं २ र ३ का कोहिटी टोल, रिमाल वस्ती, सैबु चोक र अन्य वडाको खानेपानी समस्या समाधान गर्नेछौं । चण्डेश्वरी र झोरको पानीलाई व्यवस्थित वितरण गर्नेछौं । चण्डेश्वरी मुहानबाट वाह्रैमास शुद्ध खानेपानीको व्यवस्था मिलाउनेछौं । साथै, सिद्धी गणेश टोलमा ढल र डुवान समस्या समाधान गर्नेछौं ।

दमकल नछिर्ने साँघुरा गल्लिहरुमा अग्निशमन प्रयोजनार्थ पानीको पाइप लाइन जडान गर्नेछौं । टुकुचा (इच्छुमति) को वर्षाकालीन वहावलाई नियन्त्रण गर्न समग्र खोला क्षेत्रको प्राविधिक अध्यन गराई Aqueduct को निमार्ण गर्नेछौं । साथै सामाखुसी र साङ्ले खोलाको सरसफाइ र ढल व्यवस्थापन गर्नेछौं ।

बूढानीलकण्ठ वडा नं ३, ४ र ५ मा खानेपानी ट्याङ्की, पासिकोटमा यथेष्ट धारा वितरण, वडा नं ६ शुद्ध खानपानीका लागि आवश्यक ठाँउमा मेलम्चि खानेपानी परियोजना संग सहकार्य गरि वितरण, शान्तिबाटिका जिसमवारी तथा डठुगाउँमा सञ्चालन खानेपानीलाई फिल्टरको व्यवस्था तथा सामाखुशी

खोलाको मुहानमा ढल व्यवस्थापन गर्न सम्वन्धित निकायसंग समन्वय गरि यस क्षेत्रमा रहेको शुद्ध खानेपानीको समस्या समाधान गर्नेछौं ।

### ६. रोजगारी र उत्पादनशीलतासहितको सिर्जनशील उद्यमशीलता

नेपाली कांग्रेसले २०७९ को चुनावी घोषणापत्रमा उल्लेख गरेको **"उद्यमशील समाज र रोजगारी : नेपाली कांग्रेसको जिम्मेवारी**" अन्तर्गत प्रत्येक वर्ष दुई लाख पचास हजार नयाँ रोजगारी सिर्जना गर्ने प्रतिबद्धता अनुरुप यस क्षेत्रका युवाहरुलाई उक्त कार्यक्रममा जोड्न सीप विकास तालीम प्रदान गरी ज्ञान तथा सेवामा आधारित उद्योग, डिजिटलाइजेसन, सूचना-प्रविधि, पर्यटन तथा कृषिलगायतका क्षेत्रमा रोजगारी सृजना गर्नेछौं ।

Start Up तथा उद्योग सञ्चालन गर्न आवश्यक पुँजीका लागि नियम र कानुन बमोजिम बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय र सहकार्य गरी सुलभ र सहज ऋण उपलब्ध गराउनेछौं । विपन्न वर्गका महिलालाई प्रत्यक्ष रोजगारीमा जोड्न स्थानीय सीप र उत्पादनमा आधारित तालिम सञ्चालन गर्नेछौं ।

### ७. सामाजिक न्याय र सार्वजनिक सेवा

सामाजिक न्याय, आर्थिक-सामाजिक विकास, सार्वजनिक सेवा र लैङ्गिक/आर्थिक समानतामा जोड दिनेछौं । संरचनात्मक रुपमा पिँधमा रहेका नागरीकका लागि आरक्षंण, विपन्न तथा जेहेन्दार विद्यार्थीका लागि शैक्षिक पहुचको विस्तार, जेष्ठ नागरीकका लागि सहुलियत र प्राथमिकता जस्ता सामाजिक सुरक्षा र उत्तरदायित्वका दायरालाई अझ वृहत्तर बनाउनेछौं । लौंङ्गिक अल्पसख्यक, सीमान्तकृत वर्ग, संप्रदाय, भाषाभाषी, आदिबासी-जनजाती तथा संरचनात्मक रुपमा पिंधमा रहेका जनसमुदायहरुको पहिचान, प्रतिष्ठा र शासन प्रणालीमा समावेशीता र सहभागिताको सुनिश्चितताका लागि नीति निर्माण तहमा थप सशक्त हस्तक्षेप गर्नेछौं भने विपन्न र पिछडिएका वर्ग र समुदायको सशक्तिकरण सहितको सर्वशुलभ जिविकोपार्जनका लागि आवश्यक कार्यक्रम अघि सार्नेछौं ।

### ८. बालबालिका र ज्येष्ठ नागरिक सवालमा

वाल अपराध, दुर्व्यसन र विद्युतीय अपराध नियन्त्रण गरी वालवालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक नीति तथा कार्यक्रम र बालमैत्री पार्क तथा पुस्ताकालय स्थापना गर्नेछौं । पार्टीले अघि सारेका 'निशुल्क खोप, सुलभ शिशु स्याहार केन्द्र, दिवा खाजा र पोषण तथा तीन वर्षसम्मका बालबालिकाको निशुल्क उपचार'का कार्यक्रम लागु तथा विस्तार गर्न प्रभावकारी भूमिका निर्वाह गर्नेछौं ।

ज्येष्ठ नागरिकको सम्मानपूर्ण जीवन हरेक सभ्य समाजको पहिचान भएकाले ज्येष्ठ नागरिकको अनुभव नयाँ पुस्ता समक्ष  पुऱ्याउने र नयाँ पुस्ताले ज्येष्ठ नागरिकलाई सम्मानपूर्ण व्यवहार गर्ने र पारस्परिक सम्बन्ध विकास गर्न चौतारा, पार्क, सत्सङ्ग, भजन मण्डलि जस्ता परम्परागत संरचनाको व्यवास्थापन तथा सदनको निर्माण गरि सहज र सम्मानजनक जिवन जिउने वातवरणको निर्माण गर्नेछौं ।

### ९. युवा तथा खेलकुद/ खेलमैदान र पार्क

टोखा नगरपालिकाअन्तर्गतका इन्द्रेणी सामुदायिक वन क्षेत्र तथा भुतखेल चौरलाई व्यवस्थित गरी राष्ट्रिय स्तरको पार्क र खेलमैदान बनाउनेछौं । हरिहर आश्रममा व्यवस्थित पार्क निर्माण गर्नेछौं ।

बूढानीलकण्ठ नगरपालीकाअन्तर्गतका वडाहरुको सार्वजनिक जग्गाको संरक्षण गरि पार्क सहितको खेलकुद मैदान निर्माण गर्नेछौं । धनेश्वर खेल मैदानलाई राष्ट्रिय स्तरको बनाउनेछौं । भूत्हया दह (शिवमन्दिर) सँगै रहेको नेपाल सरकारको नाउँमा रहेको ११४ रोपनी जग्गालाई यसै क्षेत्रको पिकनीक स्पट र ध्यान केन्द्र सहितको पूर्वाधार निर्माण गर्नेछौं । च्यासिङ्गडोलमा रहेको पार्क संरक्षण र आईतबारे पार्क निर्माण गर्नेछौं ।

### १०. महिला सशक्तिकरण

महिलामाथिको विभेद र हिंसा अन्त्य र महिला सशक्तिकरणमा जोड दिनेछौं । एकल तथा विपन्न दिदिबहिनीका लागि सम्मानजनक जिविकोपार्जनका लागि सिप तथा सामर्थ्य अभिवृद्धी र आर्थिक तथा सामाजिक सुरक्षाका योजना तथा कार्यक्रम ल्याउनेछौं । गर्भावस्थामा निशुल्क परीक्षण र पोषण प्याकेज, विपन्न अवस्थाका गर्भवतीका लागि आवश्यक निशुल्क आश्रय र पोषण तथा सुरक्षित मातृत्वको लागि सेवा र भत्ताको तथा शिशु स्याहारको लागि १००० दिनसम्मको लागि पोषण कुपनजस्ता पार्टीका प्रतिबद्धता लागु गर्न प्रभावकारी भूमिका निर्वाह गर्नेछौं ।

### ११. पर्यावरण र दिगो विकास

"**सन् २०४५ सम्म मा शून्य कार्वन उत्सर्जन : प्रकृति संरक्षण, स्वच्छ ऊर्जा र पर्यापर्यटन**" घोषणा पूरा गर्न फोहोर वर्गिकरण र व्यावस्थापनमा जोड दिनेछौं । उद्योग तथा कलकारखानामा वायु प्रदूषण नियन्त्रक (Air Filter) लगायतका उपकरण प्रयोग अनिवार्य गराउनेछौं । प्लाष्टिक प्रतिस्थापन गर्न वातावरणमैत्री झोला उत्पादन र प्रयोगलाई प्रोत्साहन गर्नेछौं । कौसी खेतीलाई प्रोत्साहन गर्नेछौं ।

GPS Based Road Mapping अवधारणालाइ व्यवस्थित गर्न आवश्यक प्राविधिक संरचना तयार गरि कार्यन्वयन गर्नेछौं । । Postal हिसाबले हरेक घर पहिचान हुने व्यवस्था गर्नेछौं । सडक र सार्वजनिक स्थलहरुमा सि.सि.टिभी क्यामेरा जडान गर्नेछौं । नदी तथा खोला करिडोरमा बाँस, नर्कट जस्ता बिरुवा लगाउनेछौं । बाढीको नियन्त्रण र सदाबहार पानी आपूर्तिका लागि ठूला-ठूला रिचार्ज पोखरी निर्माण गर्ने उपत्यकाको आफ्नै परम्परागत रैथाने प्रविधिलाई जगाउनेछौं ।

### १२. जनसहभागिताको सुनिश्चितता

नागरिकसँग निरन्तर संवादका लागि सचिवालय स्थापना गर्नेछौं । सांसद विकास कोषको रकम स्थानीय नागरिक एवं विज्ञहरूको परामर्शमा मात्र खर्च गर्नेछौं र वार्षिक रुपमा सार्वजनिक लेखापरीक्षण गराउनेछौं । सम्पर्क, संवाद र समस्या तथा गुनासो सुन्वाईका लागि Digital App निर्माण गर्नेछौं ।

### १३. नवीनतम प्रविधिको विकास

रोजगारी र उद्यमशीलता विकास गर्न डिजिटलाइजेशन तथा ICT लाई विशेष प्राथमिकता दिनेछौं । जनशक्तिलाई विश्व प्रविधि बजार (Global Technological Trend) सँग प्रतिस्पर्धा गर्न सक्षम बनाउन आवश्यक शैक्षिक तथा प्राविधिक तालिमको प्रबन्ध गर्नेछौं ।

### १४. भूमिविहिनताको अन्त्यका लागि

यस क्षेत्रमा सम्भव भएका ठाउँमा भूमि व्यवस्थापन गरेर तथा बहुमन्जिला भवन बनाएर भूमि आयोगको कार्यविधि अनुरुप सुकुम्वासी बस्तिकोको उचित व्यवस्थापन गर्नेछौं ।

### १५. बी.सी.डी.

देशका समस्यालाई हामीले बीडीसीका रुपमा व्याख्या गरेका छौं ।

Brain Drain (B): प्रतिभा पलायन अर्थात् शिक्षित युवापुस्ता स्वदेश छाडी विदेश पलायन हुनु,

Corruption (C): नेपालको अर्थ-राजनीति र सेवाप्रवाहमा भ्रष्टाचारले प्रश्रय पाउनु, र
Development (D): दिगो विकास नहुनु र समृद्धिको गति तीव्र बन्न नसक्नुलाई हामीले बीडीसी भनेकाछौं ।

बी.सी.डी. अन्तर्गत शिक्षा र स्वास्थ्यमा पहुँच, रोजगारीका अवसर वृद्धि, भ्रष्टाचार र बेथितिको अन्त्य तथा भौतिक, सामाजिक, मानवीय र साँस्कृतिक समुन्नतिका लागि आगामी पाँच वर्षको प्रस्ट कार्ययोजना ल्याउनेछौं ।

### (B): दक्ष जनशक्तिलाई विकासमा जोड्न IDEA HUB

विदेशमा रही विभिन्न पेशामा संलग्न कर्मशील व्यक्तित्वहरुसँग संवाद र सहकार्यमा यस क्षेत्रको विकासका लागि क्षेत्रीय र राष्ट्रिय दुवै स्तरमा आइडिया हवको विकास गर्नेछौं । विज्ञहरुको भिजन, दृष्टिकोण र योजना कार्यन्वयन गर्ने, सामाजिक, साँस्कृतिक, आर्थिक र राजनीतिक वृत्तमा विज्ञहरुको भूमिका बढाउने र 'नेपालमा नै भविष्य छ' भन्ने विश्वास जगाउन बहुप्राविधिक र जीवनोपयोगी शिक्षाका लागि पूर्वाधारको थप विकास गरी उद्यम र बजारको समानान्तर प्रवर्द्धन गर्ने हाम्रो लक्ष्य हुनेछ ।

### (C): भ्रष्टाचार नियन्त्रणका लागि हाम्रो संकल्प

भ्रष्टाचार, बेथिति तथा विकृति-विसंगतिविरुद्ध लड्न सक्ने नैतिक सामर्थ्य हामी राख्दछौं । हामी अहिलेसम्म कुनै पनि बेथितिमा संलग्न नरहेको स्वघोषणा गर्दछौं । आगामी दिनमा पनि कुनै किसिमको अनैतिक लोभ-लालसामा नपर्ने र त्यस्ता गतिविधिमा संलग्न जो कोहीविरुद्ध शून्य सहनशीलतासहित प्रतिवाद गर्नेछौं । नियमनकारी निकायहरुमा हुने राजनीतिक हस्तक्षेप बन्द गर्न सशक्त आवाज उठाउनेछौं ।

### (D): दिगो, व्यवस्थित र वातावरणमैत्री विकास

ठूला भौतिक पूर्वाधारको विकास गर्नैपर्छ तर समुदायका कला, साहित्य, संस्कृति र सभ्यताको संरक्षण र प्रवर्द्धनसहितको दिगो, व्यवस्थित र वातावरणमैत्री विकास हाम्रो संकल्प हुनेछ। क्षेत्र नं ५ का साथै समग्र देशका लागि दिगो, व्यवस्थित र वातावरणमैत्री विकासको मार्गचित्र प्रस्तुत गर्नेछौं। पुरातात्विक महत्वले अत्यन्त विशिष्ट यो भूमिलाई कला, सभ्यता र संस्कृतिका हिसाबले लिच्छवीकालीन तथा मल्लकालीन गौरव फेरि जगाउनेछौं। ऐतिहासिक मठ-मन्दिर, प्राचीन वस्तुकला, मूर्तिकला र साँस्कृतिक परम्पराहरू जस्ता वैभवको संरक्षण र प्रवर्द्धन गरी पर्यटनको विकास गर्नेछौं। ऋषिमुनिहरूका तपस्यास्थल शिवपुरी क्षेत्रमा व्यवस्थित पदमार्ग र ध्यानकेन्द्रहरू निर्माण गर्नेछौं।

## १६. जवाफदेहितासहितको प्रतिबद्धता

हाम्रा प्रतिबद्धता केवल चुनावी रणनीति होइनन, देश र जनतासमक्षका भीष्मप्रतिज्ञा हुन्। हामी हरेक क्षण यी प्रतिज्ञाले बाँधिनेछौं। त्यसका लागि निर्वाचनलगत्तै प्रवुद्धवर्ग सम्मिलित ‘प्रतिबद्धता निगरानी एंव सदाचार पर्यवेक्षण समिति’ गठन गर्नेछौं। सो समितिले निरन्तर हाम्रा प्रतिबद्धता र आचरणको अनुगमन गर्नेछ। मत हालेपछि नेता र जनताको भेटै नहुने, नेता शासक बन्ने विकृति अन्त्य गर्नेछौं। पार्टी र नेताले सधैं जित्ने, नागरिकले सधैं हार्ने विडम्वना अन्त्य गरी हाम्रा निर्णयमा जनता होइन जनताका निर्णयमा हामी चल्नेछौं।

## १७. तपाईंको मतः तपाईंको आवाज

लोकतन्त्र र संविधानको रक्षा अनि राजनीतिक स्थायित्व र विकासका लागि नेपाली कांग्रेस, नेकपा ( माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) सहितको पाँच दलीय गठबन्धन जनताको घर-दैलोमा आएको छ। गठबन्धनका तर्फबाट यस क्षेत्रका सबै उम्मेदवारको निर्वाचन चिह्न ‘रुख’ रहेको छ। अतः ‘रुख’ चिन्हमा मतदान गरी संयुक्त गठबन्धनका साझा उम्मेदवारहरूलाई अत्याधिक वहुमतले विजयी गराइदिनु हुन हार्दिक अनुरोध गर्दछौं।

जय नेपाल !

प्रदीप पौडेल, प्रतिनिधिसभा सदस्य उम्मेदवार, काठमाडौं क्षेत्र नं. ५

भैरव सापकोटा, प्रदेशसभा सदस्य, क्षेत्र नं ‘क’

श्यामबहादुर खड्का, प्रदेश सदस्य, क्षेत्र नं ‘ख’